### श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महारजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०२५ सालको ऐन नं. १३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि बिबिध बिरुदावली बिराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

### नेपाल महिला संगठनको स्थापना, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– महिलाहरूको हितको संरक्षण र संबर्द्धन गर्न र तिनीहरूको शक्तिलाई एकत्रित गरी राष्ट्र निर्माणको काममा लगाउन नेपाल महिला संगठनको स्थापना, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "नेपाल महिला संगठन ऐन २०२५" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन, २०२५ साल मार्ग १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "संगठन" भन्नाले यस ऐनको दफा ३ अनुसार स्थापना भएको नेपाल महिला संगठन सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले संगठनको विभिन्न तहको परिषद् सम्झनु पर्छ ।

(ग) "कार्य समिति" भन्नाले संगठनको विभिन्न तहको कार्य समिति सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले संगठनको विभिन्न तहको कार्य समिति सभापति, उप-सभापति, सचिव र कोषाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको बिधानमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

## परिच्छेद – २
## संगठनको स्थापना

३. संगठनको स्थापनाः– नेपाल महिला संगठन नामको एक वर्गीय संगठनको स्थापना हुनेछ ।

४. संगठनको चिह्न र झण्डाः– यस संगठनको चिह्न र झण्डा अनुसूचीमा तोकिए बमोजिमको हुनेछ ।

५. संगठनको उद्देश्यहरूः– संगठनको उद्देश्यहरू देहाय बमोजिमको हुनेछनः–

(क) महिलाहरूलाई देश र नरेशप्रतिको आफ्नो उत्तरदायित्व र कर्तव्यप्रति जागरूक राखी उनिहरूको शक्तिलाई संगठितगरी सो सामूहिक शक्तिलाई राष्ट्र निर्माणमा लगाउने,

(ख) महिलाहरूको सर्वतोमुखी हित र बिकासको लागि काम गर्ने,

(ग) दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था र वर्ग समन्वय तथा सहयोगको सिद्धान्तलाई सुदृढ तुल्याउन महिलाहरूलाई प्रयत्नशील गराउने ।

(घ) महिलाहरूको सामूहिक शक्तिलाई अरु वर्गीय तथा व्यावसायिक संगठन-हरूसंग कार्यक्रमको आधारमा समन्वय र सामञ्जस्य ल्याउने ।

६. साधारण सदस्यताः– यो ऐन र यस ऐन अन्तर्गत विधानको अधीनमा रही १६ वर्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुगेकी महिला यस संगठनको प्रारम्भिक तहको सदस्य हुन सक्नेछ।

७. अयोग्यताः– देहाय बमोजिमको अयोग्यता भएकी कुनै महिला यस संगठनको सदस्य हुन वा रहन सक्ने छैन:–

(क) गैर-नेपाली नागरिक,

(ख) लाटी वा मगज बिग्रेकी,

(ग) गाउँसभा वा नगर पञ्चायतको सम्बन्धित क्षेत्रभित्र घरद्वार नभएको वा कम्तीमा १ वर्षसम्म बसोवास नगरेको,

(घ) निर्वाचन सम्बन्धी अपराधमा कुनै अदालतबाट १ महीनाभन्दा बढी अवधिको लागि कैदको सजाय भई सो सजाय भोगी रहेको वा त्यस्तो सजाय भोगेको मितिले १ वर्षको अवधि ननाघेको,

(ङ) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भई सो बापत ६ महीनाभन्दा बढी कैदको सजाय पाई सजाय भोगीरहेको वा त्यस्तो सजाय भोगेको मितिले ५ वर्षको अवधि ननाघेको,

(च) कुनै ऐनले अयोग्य भएको,

## परिच्छेद–३

## संगठनको गठन, कर्तव्य र अधिकार

८. प्रारम्भिक संगठनः– (१) नगर पञ्चायत भएका वडाहरूलाई सम्बन्धित जिल्लाकार्य समितिले तोके अनुसार बढीमा ३ वडासम्मको एक क्षेत्र र गाउँ पञ्चायतको ईलाकामा सम्पूर्ण गाउँ सभाको एक क्षेत्र कायम गरी संगठनको प्रारम्भिक तहको गठन हुनेछ। तर प्रारम्भिक संगठन स्थापना गर्नलाई तोकिए बमोजिमको संख्यामा साधारण सदस्यहरू हुनु अनिवार्य हुनेछ।

(२) प्रारम्भिक तहका सबै साधारण सदस्यहरू प्रारम्भिक परिषद्का सदस्य हुनेछन्। प्रारम्भिक परिषद्का सदस्यहरूले आफू मध्येबाट १ जना सभापति, १ जना उप-सभापति र अन्य ९ सदस्यहरू समेत गरी जम्मा ११ जनाको एक प्रारम्भिक कार्य समितिको निर्वाचन गर्नेछन्।

(३) प्रारम्भिक कार्य समितिका सदस्यहरूले आफू मध्येबाट १ जना सचिव र १ जना कोषाध्यक्षको निर्वाचन गर्नेछन्।

(४) प्रारम्भिक कार्य समितिका सभापति र उप-सभापति प्रारम्भिक परिषद्को पदेन सभापति र उप-सभापति हुनेछन्।

९. जिल्ला संगठनः– (१) कुनै जिल्लामा ११ वा सोभन्दा बढी प्रारम्भिक संगठन भएमा त्यस्ता जिल्लामा जिल्ला संगठनको गठन गरिने छ। तर कुनै जिल्लामा सो बमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक संख्यामा प्रारम्भिक संगठन गठन हुन नसकेमा तोकिए बमोजिम हुनेछ ।

(२) जिल्लाभित्रका सबै प्रारम्भिक कार्य समितिका सदस्यहरू जिल्ला अधिवेशनको सदस्य हुनेछन् ।

(३) जिल्लाभित्रका प्रत्येक प्रारम्भिक कार्य समितिका सदस्यहरूले आफू मध्येबाट १।१ जनाको हिसाबले निर्वाचन गरी पठाएका सदस्यहरूको जिल्ला परिषद् हुनेछ ।

(४) जिल्ला अधिवेशनले आफू मध्येबाट निर्वाचन गरी पठाएका १ जना सभापति, एकजना उप-सभापति र जिल्ला परिषद्का सदस्यहरूले आफू मध्येबाट निर्वाचित गरी पठाएका ५ जना सदस्यहरू समेत भएको जिल्ला कार्य समिति हुनेछ ।

(५) उप-दफा (४) मा उल्लिखित सदस्यहरूको अतिरिक्त जिल्ला कार्य समितिमा सम्बन्धित प्रारम्भिक तहको साधारण सदस्यहरू मध्येबाट जिल्ला कार्य समितिको सभापति-द्वारा मनोनीत २ जना सदस्य र श्री ५ को सरकारबाट तोकिए बमोजिम मनोनीत १ जना सचिव र १ जना कोषाध्यक्ष रहनेछन् ।

(६) जिल्ला कार्य समितिका सभापति, उप-सभापति एवं सदस्यहरू सम्बन्धित परिषद् एवं अधिवेशनको पदेन सभापति, उप-सभापति र सदस्य हुनेछन् ।

१०. अञ्चल संगठनः– (१) अञ्चलभित्रका सबै जिल्ला परिषद्का सदस्यहरू अञ्चल अधिवेशनको सदस्य हुनेछन् ।

(२) अञ्चल भित्रका सबै जिल्ला कार्य समितिका सदस्यहरू मिलेर अञ्चल परिषद्को गठन हुनेछ ।

(३) अञ्चल अधिवेशनका सदस्यहरूले आफु मध्येबाट निर्वाचन गरिपठाएका १ जना सभापति र १ जना उप-सभापति र अञ्चल परिषदले प्रत्येक जिल्ला कार्य समितिबाट १।१जनाको हिसाबले निर्वाचन गरी पठाएका सदस्यहरू समेतको अञ्चल कार्य समिति गठन हुनेछ ।

(४) उप-दफा (३) मा उल्लिखित संगठनहरूको अतिरिक्त अञ्चल कार्य समितिमा सम्बन्धित परिषद्का सदस्यहरू मध्येबाट सभापतिद्वारा मनोनीत २ जना सदस्य र श्री ५ को सरकारबाट तोकिए बमोजिम मनोनीत १ जना सचिव र १ जना कोषाध्यक्ष रहनेछ ।

(५) अञ्चल कार्य समितिका सभापति, उप सभापति एवं सदस्यहरू सम्बन्धित परिषद् एवं अधिवेशनको पदेन सभापति, उप सभापति एवं सदस्य हुनेछ ।

११. केन्द्रीय संगठनः– (१) सबै अञ्चल परिषद्का सदस्यहरू केन्द्रीय अधिवेशनको सदस्य हुनेछन्

(२) सबै अञ्चल कार्य समितिका सदस्यहरू र सबै जिल्ला संगठनका सभापति,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उप-सभापतिहरू मिलेर केन्द्रीय परिषद्को गठन हुनेछ ।

(३) केन्द्रीय अधिवेशनका सदस्यहरूले आफु मध्येबाट निर्वाचन गरी पठाएका १ जना सभापति, १ जना उप सभापति र प्रत्येक अञ्चलबाट ११ जनाको हिसाबले केन्द्रीय परिषद्का सदस्यहरूले निर्वाचन गरी पठाएका सदस्यहरू समेत भएको केन्द्रीयकार्य समिति हुनेछ ।

(४) उप-दफा (३) मा उल्लिखित सदस्यहरूको अतिरिक्त केन्द्रीय कार्य समितिमा सम्बन्धित परिषदका सदस्यहरू मध्येबाट केन्द्रीय संगठनको सभापतिद्वारा मनोनीत २ जना सदस्य र श्री ५ को सरकारबाट तोकिए बमोजिम मनोनीत १ जना सचिव र १ जना कोषाध्यक्ष रहनेछन् ।

(५) केन्द्रीय कार्य समितिका सभापति, उप-सभापति एवं सदस्यहरू केन्द्रीय परिषद् र केन्द्रीय अधिवेशनको पदेन सभापति, उप-सभापति एवं सदस्य हुनेछन् ।

(६) केन्द्रीय संगठनबाट राष्ट्रिय पञ्चायतमा निर्वाचित भएका सदस्यले केन्द्रीय कार्य समितिको बैठकमा भाग लिन सक्नेछ तर मत दिन पाउने छैन । त्यस्ता कुनै पनि कार्य समितिको बैठकको सूचना निजलाई दिनु पर्नेछ ।

१२. परिषद्को बैठकः– संगठनको प्रत्येक तहको परिषद्को बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१३. परिषद्को कर्तव्य र अधिकार :– (१) संगठनको प्रत्येक तहको परिषद्को कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ :–

(क) संगठनको उद्देश्य पुरा गर्न वार्षिक कार्यक्रम र आय-व्ययको अनुमानित बिबरण स्वीकृत गर्ने र सम्बन्धित कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ख) आय-व्ययको हिसाव लेखा परीक्षण प्रतिवेदनको आधारमा फारक दिने ।

(ग) सम्बन्धित कार्य समितिको पदाधिकारी वा अन्य सदस्य उपर अबिश्वासको प्रस्ताव पारित गरी हटाउने ।

तर सम्बन्धित तहको कार्य समिति वा सम्बन्धित तहबाट हुने कुनै निर्वाचनको मिति घोषित भएको मितिले सो निर्वाचन समाप्त नभएसम्म कुनै पदाधिकारी वा सदस्य बिरुद्ध अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन, र

(घ) तोकिएबमोजिम अरू कर्तव्य र अधिकारको प्रयोग र पालन गर्ने ।

(२) केन्द्रीय परिषद्लाई उप-दफा (१) मा लेखिएको काम कारबाहीको अतिरिक्त देहायको अधिकार हुनेछ :–

(क) संगठनको बिकासको लागि दीर्घकालीन योजना तैयार गरी लागू गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) संगठनको उद्देश्य पूर्तिका लागि तल्लो तहहरूलाई निर्देशन दिने ।

(ग) संगठनको विभिन्न समस्या समाधान गर्न केन्द्रीय परिषद्को सदस्यहरू वा अन्य व्यक्तिहरूको समिति वा उप-समिति गठन गर्ने ।

१४. कार्य समितिको बैठकः— संगठनको प्रत्येक तहको कार्य समितिको बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१५. कार्य समितिको कर्तव्य र अधिकारः— (१) संगठनको विभिन्न तहको कार्य समितिको कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :—

(क) प्रत्येक आर्थिक वर्ष शुरु हुनु भन्दा अघि वार्षिक कार्यक्रम र आय-व्ययको अनुमानित विवरण तयार पारी सम्बन्धित परिषद्मा पेश गर्ने ।

(ख) सम्बन्धित परिषद्बाट निर्धारित कार्यक्रम लागू गर्ने ।

(ग) वर्ष भरमा भएको कामको प्रतिवेदन सम्बन्धित परिषद्को बैठकमा पेश गर्ने ।

(घ) सम्बन्धित संगठनको कार्यक्रम र प्रगति विवरण तयार गरी प्रारम्भिक कार्य समितिले जिल्ला कार्य समितिमा, जिल्ला कार्य समितिले अञ्चल कार्य समितिमा, अञ्चल कार्य समितिले केन्द्रीय कार्य समितिमा र केन्द्रीय कार्य समितिले श्री ५ को सरकारमा पठाउने ।

(ङ) आय-व्ययको हिसाब लेखा परीक्षण गराई प्रतिवेदन साथ सम्बन्धित परिषद्मा पेश गर्ने, र

(च) तोकिए बमोजिमका कर्तव्य र अधिकारहरूको प्रयोग र पालन गर्ने ।

(२) उप-दफा (१) मा लेखिएको कामको अतिरिक्त संगठनको साधारण सदस्यता सुलभ गराउन आवश्यक व्यवस्था मिलाउने कर्तव्य केन्द्रीय कार्य समितिको हुनेछ ।

१६. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः— संगठनको प्रत्येक तहको सभापति, उप सभापति, सचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. संगठन संस्था मानिने :— (१) संगठनको प्रत्येक तह अविच्छिन्न उत्तराधिकारवाला संगठित र स्वशासित संस्था हुनेछ । संगठनको प्रत्येक तहको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) सो संस्थाले चलअचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, बेच बिखन गर्न र ठेक्का लिन दिन सक्नेछ ।

(३) सो संस्थाले आफ्नो नामबाट नालीस उजूर गर्न र त्यस उपर पनि सोही नामबाट नालीस उजूर लाग्न सक्नेछ ।

१८. स्वीकृति लिनु पर्ने :— संगठनको कुनै तहको मनोनित सदस्यले संगठनको माथिल्लो तहको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै पद र संगठनबाट राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुन आफुलाई मनोनीत गर्ने अधिकारीको स्वीकृति लिनु पर्नेछ ।

१९. एक भन्दा बढी कार्य समितिको सदस्य रहन नपाउनेः– संगठनको कुनै तहको कार्य समितिको सदस्य माथिल्लो तहको कार्य समितिको सदस्य निर्वाचित भएमा वा मनोनीत भएमा निजको तल्लो तहको कार्यसमितिको सदस्यता स्वतः समाप्त हुनेछ ।

२०. सदस्यता कायम नरहने :– देहायको अवस्थामा संगठनको सम्बन्धित कार्य समितिको सदस्यता कायम रहने छैन :–

(क) राजीनामा दिएमा, वा

(ख) लिखित सूचना नदिई कार्य समितिको बैठकमा लगातार ३ पटकसम्म अनुपस्थित भएमा, वा

(ग) अविश्वासको प्रस्ताव पारित भएमा वा आचरण सम्बन्धी नियम पालन नगरेको ठहरिएमा, वा

(घ) साधारण सदस्य नरहेमा , वा

(ङ) ऐनद्वारा व्यवस्थित अन्य कुनै वर्गीय वा व्यावसायिक संगठनको कुनै तहको सभापति, उप-सभापति, सचिव वा कोषाध्यक्ष, वा

(च) सभापति, उप-सभापति, सचिव वा कोषाध्यक्षको हकमा जिल्ला पञ्चायत वा अञ्चल सभाको सभापति वा उप-सभापति भएमा ।

२१. अविश्वासको प्रस्ताव :– (१) कुनै कार्य समितिको पदाधिकारी वा सदस्य उपर अविश्वासको प्रस्ताव ल्याउंदा सो कुराको सूचना सम्बन्धित सदस्यलाई बैठक हुनु भन्दा कम्तिमा १५ दिन अगावै दिइएको हुनु पर्नेछ र त्यस्तो प्रस्ताव उपर विचार गर्दा सम्बन्धित परिषद्ले त्यस्तो सदस्यले आफ्नो बचाउमा पेश गरेको प्रमाण र स्पष्टीकरण माथि विचार गर्नु पर्छ ।

(२) उप-दफा (१) बमोजिमको प्रस्ताव पेश गर्नु पर्ने कारण सहित सम्बन्धित परिषद्को सदस्यहरू मध्ये कम्तिमा सयकडा २० सदस्यले परिषद्को बैठक गर्न पाउं भनी सभापति समक्ष र सभापतिको विरूद्धको प्रस्ताव भए उप-सभापति समक्ष र ती दुवैको विरूद्धको प्रस्ताव भए सम्बन्धित कार्य समितिको सचिव समक्ष लिखित प्रस्ताव दिएमा सम्बन्धित सभापति, उप-सभापति वा सचिवले सो प्रस्ताव प्राप्त भएको ३० दिन भित्र सम्बन्धित परिषद्को बैठक बोलाउनु पर्छ ।

(३) सभापति र उप-सभापति दुबैलाई हटाउने प्रस्ताव पेश हुनै बैठकको सभापतित्व परिषद्को सदस्यहरूले बहुमतद्वारा आफु मध्येबाट छानेको सदस्यले गर्ने छ ।

(४) निर्वाचन वा मनोनयन भएका मितिले ६ महीनाको अवधि पूरा नभै कुनै तहका पदाधिकारी वा सदस्य उपर अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) कुनै पदाधिकारी व सदस्यहरू उपर एक पटक अविश्वासको प्रस्ताव आइसकेपछि सो मितिले ६ महीनाको अवधि ननाधि सोही पदाधिकारी वा सदस्य उपर अर्को अविश्वासको प्रस्ताव ल्याउन सकिने छैन।

२२. पदावधि :– (१) संगठनको हरेक तहको सभापति, उप-सभापति र कार्य समितिको सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

(२) संगठनको प्रारम्भिक बाहेक अरू तहका परिषद्का सदस्यहरूको पदावधि तल्लो तहको कार्य समितिको अवधिसम्म कायम रहनेछ ।

(३) प्रत्येक तहका कार्य समितिका सभापति, उप-सभापति, र सदस्यको पदावधि समाप्त भई रिक्त भएको पद पूर्ति नभएसम्म निर्वाचनमा भाग लिनको लागिमात्र निजको सम्बन्धित परिषद् वा अधिवेशनको सदस्यता कायमै रहेको मानिनेछ ।

२३. राजीनामा:– संगठनका सबै तहको कार्य समितिको सभापतिहरूले सम्बन्धित कार्य समितिमा र उप-सभापति, सचिव, कोषाध्यक्ष र अन्य सदस्यहरूले सम्बन्धित तहको सभापति समक्ष आफ्नो हस्ताक्षरले राजीनामा लेखी पद त्याग गर्न सक्नेछन् ।

२४. स्थान रिक्त हुनु अगावै निर्वाचन गराउन सकिने:– (१) संगठनको कुनै तहको सदस्यको पदावधि समाप्त हुनु अगावै कुनै कारणले निजको स्थान रिक्त भएमा सो पद पूर्तिको निमित्त साविकवालाको बाँकी पदावधिको निमित्त मात्र निर्वाचन वा मनोनयन गरिने छ ।

तर, ६ महीना वा सोभन्दा कम अवधिको लागि निर्वाचन गरिने छैन ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यक परेमा संगठनको कुनै तहको सदस्यको पदावधि समाप्त हुनुभन्दा बढीमा एक महीना अगावै पनि सो रिक्त हुने स्थानको पूर्तिको निमित्त निर्वाचन गराउन सकिने छ ।

तर, त्यस्तामा साविकवाला सदस्यको पदावधि समाप्त नभई नयाँ निर्वाचित सदस्यले बहाल गर्न पाउने छैन ।

२५. कारवाई बदर नहुने:– संगठनको परिषद् वा कार्य समितिको कुनै पद रिक्त भै वा त्यस्तो परिषद् वा कार्य समितिको गठनमा कुनै त्रुटि भै काम कारवाही भै सकेकोमा सोही कारणले मात्र त्यस्तो काम कारवाही बदर हुने छैन ।

## परिच्छेद–४

## विविध

२६. कानूनी कारवाहीको सम्बन्धमा व्यवस्था:– संगठनको कुनै तहको पदाधिकारीले आफ्नो पदको हैसियतले प्रचलित नेपाल कानून वा सम्बन्धित कार्य समिति वा परिषद्को निर्णय बमोजिम गरेको वा गर्नु पर्ने कुनै कामको सम्बन्धमा कुनै अड्डा अदालतमा कसैका

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै नालीस, उजूर वा पुनरावेदन परी समाह्वान, इतलायनामा, म्याद पूर्जी, सूचना त्यस्तो पदाधिकारी उपर तामेल हुँदा निज आफैं त्यस्तो अड्डा अदालतमा उपस्थित हुन वा वारिसनामा दिई अरू कसैलाई आफ्नोतर्फबाट उपस्थित गराउन वा आफू वा वारिस उपस्थित नभई आफ्नो व्यहोराको लिखित बक्तव्य त्यस्तो अड्डा अदालतमा दाखिल गर्न गराउन सक्नेछ । सम्बन्धित पदाधिकारी वा निजको वारिसलाई हाजिर नगराई नहुने अवस्था परि सम्बन्धित अड्डा अदालतले आदेश दिएमा बाहेक त्यस्तो मुद्दामा त्यस्तो पदाधिकारी वा निजको वारिस तारीखमा हाजिर भै रहनु पर्ने छैन ।

२७. गणपूरक तथा निर्णयात्मक संख्याः– (१) संगठनको प्रत्येक तहको परिषद्को बैठकको गणपूरक संख्या तत्काल कायम रहेको जम्मा सदस्य संख्याको $\frac{1}{3}$ एक तृतीयांश हुनेछ र कार्य समितिको बैठकको गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको ५० प्रतिशत हुनेछ ।

(२) परिषद् र कार्य समितिको बैठकमा उपस्थित भै मत दिने मध्ये बहुसंख्यकको मत निर्णयात्मक मानिनेछ । सभापतित्व गर्नेले मत दिन पाउने छैन तर मत बराबर भएमा निर्णयात्मक मत दिन सक्नेछ ।

(३) अविश्वास सम्बन्धी प्रस्तावको निर्णयको लागि सम्बन्धित परिषद्को तत्काल कायम रहेको जम्मा सदस्य संख्याको $\frac{2}{3}$ दुई तिहाई मत अनिवार्य हुनेछ ।

२८. श्री ५ को सरकारको अधिकारः– श्री ५ को सरकारले संगठनको विभिन्न तह, त्यसको सदस्य वा पदाधिकारीको सम्बन्धमा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ–

(क) संगठनबाट आवश्यकतानुसार कुनै काम कारवाही बारेको प्रतिबेदन लिने र अरू कागजपत्र झिकाउने,

(ख) राष्ट्र हितलाई ध्यानमा राखी संगठनलाई सक्रिय गराउन संगठनलाई निर्देशन दिने ।

(ग) खण्ड (ख) अन्तर्गत दिईएका निर्देशनहरू उल्लंघन गरेमा निलम्वन निस्काशन वा बिघटन गर्ने,

तर केन्द्रीय कार्य समितिलाई निलम्वन वा विघटन गर्न केन्द्रीय परिषद्संग र अरू तहको कार्य समितिलाई निलम्वन वा विघटन गर्न केन्द्रीय कार्य समितिसंग परामर्श गर्नु पर्दछ । लगातार २ पटकसम्म केन्द्रीय समिति वा परिषद्को बैठक बोलाउँदा पनि त्यस्तो बैठक बस्न नसकेमा केन्द्रीय सभापतिको परामर्श पर्याप्त हुनेछ ।

२९. बिधान र कार्यक्रम बनाउने अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न सम्बन्धित संगठनको केन्द्रीय कार्य समितिले श्री ५ को सरकारको स्वीकृतिलिई विधान र कार्यक्रम वनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४११

३०. हाल गठन भैराखेको नेपाल महिला संगठनको मान्यताः– राष्ट्रिय निर्देशन ऐन, २०१८ अन्तर्गत श्री ५ को सरकारबाट स्वीकृत विधान अनुसार गठन भै राखेको नेपाल महिला संगठनको सबै तहको गठन यसै ऐन बमोजिम भए सरह मानिने छ ।

तर, सबै तहहरूमा नपुग पदाधिकारी तथा सदस्यहरूको स्थान यस ऐन बमोजिम यथाशीघ्र पूर्ति गरिने छ ।

३१. खारेजीः– राष्ट्रिय निर्देशन ऐन अन्तर्गत बनेको नेपाल महिला संगठनको विधान खारेज गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची

(दफा ४ सित सम्बन्धित)

संगठनको चिह्न र झण्डा

१. फिक्का आकाशे रंगको आयताकार पृष्ठ भूमिको बीचमा सेतो वृत्त-परिधिभित्र राखिएको सेतो कमलको फूल भएको चिह्न संगठनको चिह्न हुनेछ ।

२. चिह्नको नाप देहाय बमोजिम हुनेछः–

(क) चौडाइको सवाइ बढी लम्बाइ हुनेछ ।

(ख) कमलको फूल रहने बीचको सेतो वृत्त-परिधिको व्यास लम्बाइको तृतीयांश बराबर नापको हुनेछ ।

३ माथि लेखिए बमोजिम चिह्न र नापको झण्डा संगठनको झण्डा हुनेछ ।

लालमोहर सदर मिति २०२५।७।१।६

आज्ञाले-

रमानन्द प्रसाद सिंह

श्री ५ को सरकारको का. मु. सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।